**वीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

# विभिन्न आन्तरिक आयका शिर्षकहरु ठेक्कामा लगाउने सम्बन्धि

## ३० दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१८**

वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले विभिन्न आन्तरिक आयका शिर्षकहरुमा आ.व.२०८२/०८३ का लागि बहुवर्षीय रुपमा ठेक्का बन्दोबस्त गर्न स्थानीय सरकार संचालन ऐन, २०७४, वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१, वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८२ ले दिएको अधिकारको परिधि भित्र रही आन्तरिक आयका शीर्षकहरुबाट राजस्व संकलन गर्न मिति २०८२/०९/०७ गतेको निर्णयानुसार प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको समयावधि भित्र बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**शर्तहरु**

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदका साथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखाबाट खरीद गर्न सकिनेछ।

२. बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ। तोकिएको समय भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु सोही दिन, दिनको ३:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहबर मा वी.म.न.पा., नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्र साथ आफूले कबुल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.१२५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको सूचनामा १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।

४. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपले उल्लेख गरी सहीछाप गरी पेश गर्नुपर्नेछ। केरमेट भई अंक र अक्षर मा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र आय शिर्षक स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

६. बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय अनुसार क्रमशः कायम हुनेछ।

७. बोलपत्रसाथ नागरिकताको प्रमाणपत्र वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको व्यवसायिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं अन्य कुनै कर बुझाउनु पर्ने बाँकी भए सोको चालु आ.व. सम्मको कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

८. बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८२, वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली, २०८१ र प्रचलित कानून बमोजिम हुनेछ।

९. तपसिलमा उल्लेखित आय शिर्षकको ठेक्का सकार अंकको किस्ता र बैंक ग्यारेन्टी सम्बन्धि व्यवस्था बोलपत्र फारममा उल्लेख गरिनेछ।

१०. आफुले कबोल गरेको ठेक्का अंक बराबरको ठेक्का अवधि सम्मको एकमुष्ठ रकम बुझाएमा न्यूनतम अंकमा नघटने गरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।

११. ठेक्का सम्बन्धि विषयमा कुनै किसिमको वादविवाद भएमा वीरगंज महानगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१२. उल्लेखित ठेक्का सम्बन्धमा अन्य आवश्यक बुझ्नु परेमा यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नु हुन वा मोबाइल नं.९८५४०२६३३३ मा सम्पर्क राखी बुझ्न सक्नुहुनेछ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक | | ठेक्का अवधि | बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|
| २२/ ०८२/८३ | वडा नं.४ चिल्ड्रेन पार्कको चमेनागृह | ३०,००,०००.०० | तीस लाख मात्र | ५ वर्ष | ३,०००।- | |
| २३/ ०८२/८३ | जिल्ला बालकल्याण समितिको जमिन तल्ला हलकोठा | ३०,००,०००.०० | तीस लाख मात्र | ५ वर्ष | ३,०००।- | |
| २४/ ०८२/८३ | घण्टाघर सपिङ्ग कम्प्लेक्स पहिलो तल्ला | ३०,००,०००.०० | तीस लाख मात्र | ५ वर्ष | ३,०००।- | |
| २५/ ०८२/८३ | घण्टाघर सपिङ्ग कम्प्लेक्स दोश्रो तल्ला | ३०,००,०००.०० | तीस लाख मात्र | ५ वर्ष | ३,०००।- | |